नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८०/०८१

चलानी नं.:-४३२

मितिः२०८१/०२/३२

ने.सं.११४४ तछलाथ्व ०८

विषयः- कृषि तथा पशुसेवा प्राविधिकको पारिश्रमिक सम्बन्धमा ।

श्री स्थानीय तह (सबै)।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प. सं.: यो.व.का. २०८०।०८१, च. नं. २४९, मिति २०८१/०२/३१ को **एक गा. वि. स. एक कृषि तथा पशुसेवा प्राविधिकको पारिश्रमिक** सम्बन्धी पत्र संलग्न छ । विस्तृत व्यहोरा पत्रबाट अवगत गरी आवश्यक कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२।३।२

दीपेश कट्टेल

शाखा अधिकृत

बोधार्थः

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री सूचना तथा प्रविधि शाखाः-Website मा Upload गरिदिनुहुन।


सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईट:- www.mofaga.gov.np

☎४२११६६५
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## योजना तथा विकास सहायता समन्वय महाशाखा

## (बजेट तथा कार्यक्रम शाखा)

प.सं : यो.व.का.०८०/८१
च.नं. : २६९

मितिः २०८१/०२/३१

विषयः एक गा.वि.स. एक कृषि तथा पशुसेवा प्राविधिकको पारिश्रमिक सम्बन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
संघीय मामिला महाशाखा, स्थानीय तह समन्वय शाखा,
सिंहदरवार,काठमाण्डौ ।

आर्थिक वर्ष २०७२/७३ को "एक गा.वि.स. एक कृषि तथा पशु सेवा प्राविधिक कार्यक्रम अनुसार एक गाउँ एक कृषि प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" तथा "एक गाउँ एक पशु सेवा प्राविधिक व्यवस्थापन कार्यविधि २०७३" अनुसार साबिकको जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट रा.प.अन. द्वितीय श्रेणीमा प्राविधिक सहायक पदमा करारमा नियुक्त भई राज्य पुनर्संरचनासँगै साविकका गा.वि.स.हरु हालको जुन स्थानीय तहमा पर्दछ सोही स्थानीय तहमा काम काज गर्ने गरी व्यवस्थापन भएपश्चात यस मन्त्रालयमा अध्यावधिक तथ्याङ्क अनुसार हाल ६१४ स्थानीय तहहरुमा कृषि तथा पशु सेवा तर्फ गरी जम्मा १८६२ जना प्राविधिकहरू कार्यरत रहेका छन्। उपर्युक्त प्राविधिकहरु साविक जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयबाट नियुक्त भई सेवा निरन्तरता गरिरहेको सन्दर्भमा आ.व २०८१।८२ को लागी यस मन्त्रालयलाई शसर्त अनुदानमा प्राप्त बजेट सिलिङ्गको अधिनमा रहि बजेट विनियोजना गर्दा यस मन्त्रालयबाट प्रति प्राविधिक रु.एक लाख बहत्तर हजार (रु.१,७२,०००) बजेट मात्र स्थानीयतहहरुमा प्रविष्ट गरिएको व्यहोरा अनुरोध छ।

अतः आ.व. २०७२/७३ देखि करार सेवामा नियुक्त भई निरन्तर प्राविधिक सेवा पुर्याईरहेका प्राविधिकहरुको निरन्तरताबाट स्थानीय तहको प्राविधिक सेवा प्रवाहमा थप टेवा पुग्ने भएकाले सम्बन्धित प्राविधिकहरुको कार्यसम्पादनका आधारमा चालु आ.व. २०८१/८२ मा पनि सेवालाई निरन्तरता दिन र सम्वन्धित स्थानीय तहबाटै बाँकी आवश्यक बजेट तहाँबाटै व्यवस्था हुन मिति २०८१/०२/३१ को सचिवस्तर निर्णयानुसार सबै स्थानीय तहहरुमा परिपत्र गरिदिनुहुन अनुरोध छ।

.................
रजनिश मिश्र
माटो विज्ञ



CamScanner